# नेपाल राष्ट्र बैंक
## वित्त व्यवस्थापन विभाग
## वालुवाटार, काठमाडौं
# संस्थापक शेयर बिक्री सम्बन्धी
# सूचना

(पुनः प्रकाशित मिति २०६६।७।१६)

यस बैंकको स्वामित्वमा रहेको मनकामना विकास बैंक लिमिटेड (साविक नेपाल सिएसआई डेभलपमेण्ट बैंक लिमिटेड) को १,६०,००० कित्ता शेयर बिक्री गर्ने सन्दर्भमा मिति २०६६।६।८ मा प्रथम पटक सूचना प्रकाशित गरी सिलबन्दी कोटेशन आव्हान गरिएकोमा निर्धारित मिति भित्र १ (एक) थान मात्र सिलबन्दी कोटेशन प्राप्त हुन आएकोले सो कोटेशनलाई कायमै राखी सो बैंकका हाल कायम रहेका संस्थापक शेयरधनीहरुलाई उक्त शेयर विक्री गर्ने प्रयोजनका लागि पूनः यो सूचना प्रकाशित गरिएको छ ।

बैंक तथा वित्तीय संस्थासंगको कारोबारमा कालो सूचिमा नपरेका र भ्रष्टाचार वा ठगीको कसूरमा यस बैंकको कारबाहीमा नपरेका सोही बैंकका संस्थापक शेयरधनीहरुलाई यो सूचना पुनः प्रकाशित भएको मितिले १५ दिन भित्र (कार्यालय समय भित्र) यस विभागमा सिलबन्दी कोटेशन पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी शर्तहरु तथा दर्खास्त फाराम यस बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध छ । शेयर विक्री सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ । थप जानकारी आवश्यक परेमा यस विभागको वासलात फाँट बालुवाटार, काठमाण्डौं फो.नं. ४४१९८०४, ४४१९८०५, र ४४१९८०७ Ext. ३४६ वा ३४७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।